# गौरीशंकर घरेलु मदिरा ब्यवस्थापन तथा प्रवर्द्धन समितिले तय गरेको घरेलु मदिरा उत्पादन सम्बन्धि मापदण्ड

१. कच्चा पदार्थ (Raw Materials) मापदण्ड

- केवल शुद्ध, अखाद्य–रहित, र फंगल/किटाणु नलागेका अन्न/फलफूल प्रयोग गर्नुपर्ने
- कुँडा, बिग्रिएको, विषादी मिसाइएको पदार्थ प्रयोग गर्न पाइने छैन
- जाँड बनाउने कोदो राम्रो सग भुस गडाइएको हुनुपर्नेछ
- रसायनिक रंग/अतिरिक्त रसायन प्रतिबन्ध

२. मर्चाको ब्यवस्था

- गौरीशंकर घरेलु मदिरा ब्यवस्थापन तथा प्रबर्द्धन समितिले निर्धारण गरेबमोजिमको मर्चाको प्रयोग गर्नुपर्नेछ । हाललाइ मर्चाको ब्यवस्थापन समितिको अध्यक्ष गोविन्द बहादुर खड्काले उत्पादन गरेको मर्चालाई प्रयोग गर्नुपर्ने ब्यवस्था गरीएको छ ।मर्चा गौरीशंकर गाउँपालिका अर्गानिक पसलमार्फत विक्रि वितरण हुनेछ ।

३. पानीको गुणस्तर (Water Quality)

- पिउन योग्य (potable) पानी अनिवार्य हुनुपर्नेछ ।
- नजिकै खुला ड्रेनेज/ सेप्टिक टयांक → भएको स्थान हुनु हुनेछैन ।

३. स्वच्छता तथा सरसफाई (Hygiene & Sanitation)

- उत्पादनस्थल भुइँ, भित्ता, उपकरण सफा हुनुपर्नेछ ।
- कीरा–माकुराबाट सुरक्षित तथा धुवा–धुलोबाट सुरक्षित हुनुपर्नेछ ।
- मदिरा उत्पादन स्थल बाट १० मिटर वरपर कुनैपनी पशु तथा चौपायाको गोठ हुन नहुनेछ ।

४. उपकरण/भाँडाकुडा मापदण्ड

- मदिरा उत्पादन गर्ने भाँडा तामाबाट बनेको हुनुपर्ने छ ।
- विचको पेटासी आल्मुनियम वा माटोको पनि हुन सक्नेछ ।
- तामाको भाँडो पोलिस गर्ने तर पदार्थ नलग्ने गरी हुनु पर्नेछ ।
- तामाको स्टिल/डिस्टिलर सफा हुनुपर्नेछ

७. अल्कोहल स्तर निर्धारण (ABV%)

- यस समि पालिका भित्र २ किसिमका मदिरा उत्पादन हुनेछन
  1. २० प्रतिशत अल्कोहल भोलम
  2. २५ प्रतिशत अल्कोहल भोलम
- गौरीशंकर घरेलु मदिरा व्यवस्थापन तथा प्रवर्धन समितिबाट तोकीएको लेवल टासीएको हुनुपर्ने

८. Additives प्रतिबन्ध

- स्पिरिट, औषधि, रङ, सुगन्ध, सल्फो टॉक्सिन/कृत्रिम sweetener मिसावट निषेध हुनेछ ।

९. बोटलिङ र प्याकेजिङ (Bottling & Packaging)

- प्याकेजीङका लागी आवश्यक बोतलको व्यवस्था गौरीशंकर घरेलु मदिरा व्यवस्थापन तथा प्रवर्धन समितिले गर्नेछ ।बोतल तथा लेबल गौरीशंकर अर्गानिक पसलद्धारा बिक्रि वितरण हुनेछ ।

१०. लेबलिङ (Labeling Standards)

लेबलमा तलका विवरण अनिवार्य हुनेछः

1. उत्पादन गर्ने समितिको नाम र ठेगानाः
2. ABV (Alcohol by Volume)
3. उत्पादन मिति
4. ब्याच नम्बर
6. स्वास्थ्य सचेतना चेतावनी

११. भण्डारण (Storage)

- चिसो/छायाँ, धूलो—धुवाँ रहित सूर्यको प्रत्यक्ष किरणबाट बच्ने तथा बन्द कोठा, कीराबाट सुरक्षित स्थनमा गर्नुपर्नेछ ।

१२. स्वास्थ्य सुरक्षा चेतावनी

- १८ वर्षमुनिलाई बिक्री प्रतिबन्ध हुनेछ यसै गरी गर्भवती, ड्राइभर, रोगीलाई बिक्रि बितरण गर्न पाईने छैन ।

१३. लाइसेन्स/अनुमतिपत्र मापदण्ड

- गौरीशंकर गाउँपालिकाले एउटा वडालाई बढीमा २ वटा कृषी समुह वा निजी फर्मलाई उत्पादन अनुमती प्रदान गर्नेछ । उत्पादन अनुमतिका लागी गाउँपालिकाले प्रस्ताव आह्वन गर्नेछ र गाउँपालिका तथा प्रबर्धन समितिको निरिक्षण तथा संयुक्त बैठक द्वारा छनौट गरिनेछ ।
- उत्पादन अनुमति प्रदान गर्नुपूर्व गाउँपालिका तथा समिति द्वारा स्थल निरीक्षण गरिनेछ ।
- घरेलु मदिरा बनाउन ईच्छुक समुह तथा निजि फर्महरुले अनुमति पत्र लिनुपर्नेछ भने अनुमतिपत्र वार्षिक नवीकरण समेत गर्नुपर्नेछ ।
- अनुमतीपत्रको शुल्क तथा नविकरण शुल्क निम्न बमोजिम हुनेछ जुन गाउँपालिकको कृषी तथा पशुपंक्षी शाखामा गर्नुपर्नेछ

  १. दर्ता शुल्क : रु १०००

  २. नविकरण शुल्क : रु ५००

१४. सामाजिक सुरक्षा मापदण्ड

- विद्यालय क्षेत्रमा तथ अन्य संवेदनशिल क्षेत्रमा विक्री प्रतिबन्ध हुनेछ ।

१५. अधिकतम बिक्री खुद्रा मूल्य २० प्रतिशत अल्कोहल मात्रा भएकोलाई रु २०० तथा २५ प्रतिशत अल्कोहल मात्र भएकोलाई रु २३० हुनेछ । उत्पादन समुह वा निजी फर्मले भने २० प्रतिशत अल्कोहल मात्रा भएकोलाई रु १७५ तथा २५ प्रतिशत अल्कोहल मात्र भएकोलाई रु २०० मा बिक्रि गर्नुपर्नेछ ।

१६. यस समिति अन्तर्गत रहेर घरेलु मदिरा बिक्रि वितरण गर्न ईच्छुक समुह वा फर्मले प्रत्येक बोतलको बिक्रिमा रु १ गौरीशंकर घरेलु मदिरा व्यवस्थापन तथा प्रवर्द्धन समितिलाई बुझाउनु पर्नेछ । यस रकम बोतल खरिद तथा घरेलु मदिरा प्रबर्धनमा खर्च गरिनेछ ।

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गाउँपालिका भित्र उत्पादन भएको घरेलु मदिरा लाई जिल्ला भित्रका बजारीकरण गर्न पहल गर्ने तथा गाउँपालिका भित्रका मदिरा प्रयोगकर्ताहरुलाई अधिकतम रुपमा स्थानिय उत्पादन प्रयोग गर्न प्रोत्सोहान गर्ने निर्णय गरियो ।

३. विविध नं. १ उपर छलफल गर्दा यस समितिको सदस्य साईली तामाङलाई यस समितिको कोषाध्यक्ष पदमा नियुक्त गर्ने निर्णय गरियो ।

४. विविध नं. २ उपर छलफल गर्दा गौरीशंकर गाउँपालिका वडा नं. ३ का दान बहादुर तामाङ लाई यस समितिको सदस्यको रुपमा मनोनित गरियो ।

५. विविध नं. ३ उपर छलफल गर्दा यस गौरीशंकर घरेलु मदिरा व्यवस्थापन तथा प्रवर्द्धन समितिको बैंक खाता गौरीशंकर गाउँपालिकामा रहेको हिमालयन बैंकमा यस समितिका अध्यक्ष श्री गोविन्द बहादुर खड्का, सचिव श्री कृष्ण तामाङ र कोषाध्यक्ष श्रीमती साइली तामाङको संयुक्त दस्तखत चल्नेगरी खोल्ने निर्णय गरियो र यसको अख्तियारी समितिका अध्यक्ष श्री गोविन्द बहादुर खड्कालाई प्रदान गरिएको छ ।